INNOVATIVE RESEARCH JOURNAL VOLUME: 4, ISSUE: 1 JUNE, 2025

**DOI:** https://doi.org/10.3126/irj.v4i1.79519

# घनश्याम ढाकालको *विजयोत्सव* कथामा नायकत्व

**डा. अशोक थापा**

**नेपाली केन्द्रीय विभाग, त्रि.वि.**

kazithapa@gmail .com

**Orcid: https://orcid .org/0009-0004-5743-742X**

**लेखसार**

*विजयोत्सव कथाकार घनश्याम ढकालको कथा हो जसमा नायकको उत्थानलाई समाजको वर्गीय संरचना, सामाजिक अन्याय र राजनीतिक सङ्घर्षसँग जोडेर प्रस्तुत गरिएको छ । यस आलेखमा कथाभित्रको केन्द्रीय पात्र भद्रेको चरित्र अध्ययन गर्न राल्फ फक्सको नायकको मृत्यु र उदयसम्बन्धी सैद्धान्तिक दृष्टिकोणसँग यसको अन्तरसम्बन्ध खोजिएको छ । यस लेखमा पाठविश्लेषण प्रविधिको प्रयोग गरी कथाको संरचना, प्रतीकात्मकता, चरित्रविकास, कथोपकथन शैली र सामाजिक-राजनीतिक सन्दर्भलाई गहन रूपमा अध्ययन गरिएको छ । साथै तुलनात्मक अध्ययन विधि प्रयोग गरी ढकालका अन्य कथा, मार्क्सवादी समालोचनाका प्रमुख सिद्धान्त र समकालीन साहित्यिक प्रवृत्तिसँग यो कथाको तुलना गर्दै विश्लेषण गरिएको छ । कथाका नायक भद्रे पारस्परिक वीर नायकभन्दा भिन्न प्रकारको पात्रको रूपमा देखिएको छ । ऊ समाजमा व्याप्त राजनीतिक शक्तिको प्रभावलाई अस्वीकार गर्दै श्रमिकवर्गको आत्मनिर्भरतालाई मूर्तरूप दिने चरित्रका रूपमा देखिएको छ । फक्सको सैद्धान्तिक अवधारणाअनुसार भद्रेको सामाजिक बहिष्करण प्रतीकात्मक रूपमा नायकको पतनको सङ्केतको रूपमा आएको छ । तथापि ऊ श्रमको महत्वलाई आत्मसात गर्दै सङ्घर्ष जारी राख्दछ जसले उनको पुनरुत्थानलाई स्पष्ट रूपमा उजागर गर्छ । विजयोत्सव कथामा नायकको उत्थानलाई शोषणको प्रतिरोध, आत्मनिर्भरता र श्रमको गरिमासँग प्रत्यक्ष रूपमा सन्दर्भित गरिएको छ । फक्सको दृष्टिकोणअनुसार वास्तविक विजय राजनीतिक परिवर्तनभन्दा श्रमको पुनर्स्थापनामा निहित हुन्छ । यस लेखले मार्क्सवादी समालोचना, वर्गसङ्घर्ष र साहित्यिक अध्ययनका विविध पाटाहरू उजागर गर्दै यस कथाको गहिरो व्याख्या प्रस्तुत गरेको छ ।*

**शब्दकुञ्जी:** नायक, मार्क्सवादी साहित्य, वर्गसङ्घर्ष, सामाजिक परिवर्तन, साहित्यिक आलोचना

## विषयपरिचय

राल्फ विन्स्टन फक्स एक प्रसिद्ध अङ्ग्रेजी मार्क्सवादी इतिहासकार, लेखक तथा पत्रकार हुन् । उनले आफ्नो जीवनभर समाजको रूपान्तरणका लागि कलमलाई प्रभावशाली अस्त्रका रूपमा प्रयोग गरे । उनी सन् १९०० को मार्च ३० तारिखमा इङ्गल्यान्डमा जन्मिएका थिए । उनको बौद्धिक यात्राको सुरुआत अक्सफोर्ड विश्वविद्यालयबाट भएको थियो जहाँ उनले इतिहास विषयमा औपचारिक शिक्षा हासिल गरे । अध्ययनको क्रममा उनले ऐतिहासिक घटनाको विश्लेषणमार्फत समाजका गहिरा आर्थिक तथा राजनीतिक संरचना बुझ्न थाले । यस प्रक्रियामा उनी मार्क्सवादी विचारधाराबाट प्रभावित हुँदै गए र यो सिद्धान्तलाई सामाजिक न्याय तथा परिवर्तनको आधारशिला ठाने । उनको लेखन केवल ऐतिहासिक घटनाहरूको वर्णनमा सीमित थिएन उनले आफ्ना कृतिहरूमा समाजका उत्पीडित वर्गहरूको आवाजलाई स्थान दिए । उनका लेख समालोचना तथा अनुसन्धानमा सधैँ मार्क्सवादी दृष्टिकोणको गहिरो छाप पाइन्छ जसले उनी समाजसुधार तथा क्रान्तिका कट्टर समर्थक रहेको स्पष्ट सङ्केत मिल्छ । उनले लेखनमार्फत वर्गसङ्घर्ष, पूँजीवादको विसङ्गति तथा श्रमिक वर्गको मुक्तिजस्ता विषयहरूमा गहन बहस उठाए । फक्सको लेखनी केवल सैद्धान्तिक छलफलमा सीमित थिएन बरु उनले यथार्थपरक ऐतिहासिक दस्तावेजहरूको सहायताले आफ्ना विचारलाई प्रमाणित गर्ने प्रयास गरे । यही कारण उनको कृतित्व सामाजिक तथा बौद्धिक आन्दोलनका लागि एक महत्वपूर्ण स्रोतका रूपमा स्थापित भएको छ ।

फक्स एक बहुप्रतिभाशाली लेखक थिए जसले कथा गैरआख्यान तथा साहित्यिक समालोचनाको क्षेत्रमा विशेष योगदान दिए । उनका महत्वपूर्ण कृतिहरूमा *लेनिनः ए बायोग्राफी* (१९३३) र *चङ्गेज खान* (१९३६) पर्दछन् जसमा उनले इतिहासलाई सामाजिक आन्दोलन र वर्गसङ्घर्षको परिप्रेक्ष्यमा व्याख्या गरेका छन् । उनको लेखनीमा सामाजिक न्याय, श्रमिक अधिकार र राजनीतिक रूपान्तरणप्रति गहिरो प्रतिबद्धता प्रस्ट देखिन्छ । उनले समाजमा व्याप्त अन्याय, शोषण र साम्राज्यवादी नीति विरुद्ध आवाज उठाएका थिए ।

सन् १९३६ मा फक्सले स्पेनी गृहयुद्धमा फ्रान्सिस्को फ्रान्कोको फासीवादी सेनाविरुद्ध लड्न अन्तर्राष्ट्रिय ब्रिगेडमा सामेल हुने निर्णय गरेका थिए । उनले स्पेनी गृहयुद्धलाई केवल एउटा स्थानीय सङ्घर्षका रूपमा नभई फासीवाद र पुँजीवादविरुद्धको विश्वव्यापी सङ्घर्षको रूपमा हेरेका थिए । उनले आफ्नो सिद्धान्तलाई व्यवहारमा लागू गर्दै सैन्यसङ्घर्षमा समेत सक्रिय सहभागिता जनाएका थिए । युद्धमा सहभागी हुने क्रममा उनले अन्य धेरै अन्तर्राष्ट्रिय स्वयंसेवकसँग मिलेर लोकतन्त्रको पक्षमा लडाइँ लडे । दुर्भाग्यवश, डिसेम्बर ३, १९३६ मा स्पेनी गृहयुद्धको क्रममा उनले वीरगति प्राप्त गरे ।

उनको मृत्युले उनको दृढ सङ्कल्प, प्रतिबद्धता र क्रान्तिप्रतिको अटल विश्वासलाई अझ स्पष्ट रूपमा उजागर गऱ्यो । फक्सको जीवनयात्रा, लेखनी तथा बलिदानलाई मार्क्सवादी इतिहास र साहित्यमा महत्वपूर्ण योगदानको रूपमा हेरिन्छ । उनका जीवनी तथा ऐतिहासिक लेखहरू क्रान्तिकारी चेतना जगाउने सशक्त दस्तावेज बनेका छन् । उनको योगदानले समाजपरिवर्तनका लागि साहित्यको भूमिकालाई स्थापित गरेको छ । स्पेनी गृहयुद्धमा वीरगति प्राप्त गरेका हजारौँ अन्तर्राष्ट्रिय स्वयंसेवकमध्ये उनी एक थिए जसलाई आज पनि सम्झना गरिन्छ ।

उनको लेखनीले इतिहास, राजनीति र साहित्यमा दीर्घकालीन प्रभाव पार्न सफल भएको छ । मार्क्सवादी साहित्यमा उनको योगदान विशेष महत्वको मानिन्छ । उनको साहित्यिक तथा राजनीतिक योगदानको प्रभाव हालसम्म पनि अनुभव गर्न सकिन्छ जसले उनलाई एक महान् विचारक र परिवर्तनकामी लेखकको रूपमा अमर बनाएको छ ।

फक्सको विचारमा आख्यानमा नायक गहन चरित्र, नैतिक दृढता, साहस र सकारात्मक कर्ममा निहित रहने खालको हुनुपर्छ । एक साँचो नायकले केवल बाहिरी रूपमा बलियो हुनुमात्र पर्याप्त ठान्दैन ऊ भित्रबाट पनि नैतिक रूपमा अडिग र आत्मबलले भरिपूर्ण हुनुपर्छ । कुनै पनि नायकले कठिनाइको सामना गर्दा दृढ सङ्कल्प र बहादुरी देखाउन सक्नुपर्छ चाहे त्यो शारीरिक, मानसिक वा भावनात्मक सङ्घर्ष किन नहोस् । नायकले अरूको पीडा, भावना र अनुभवलाई बुझ्न सक्ने सहानुभूतिशील मनोभाव राख्नुपर्छ जसले उसलाई मात्र होइन, सम्पूर्ण कथालाई सशक्त बनाउँछ । नायकत्वको अर्को महत्वपूर्ण पक्ष रूपान्तरणशीलता हो । एउटा प्रभावशाली नायक कहिल्यै स्थिर रहँदैन उसले कथाको दौरानमा महत्वपूर्ण व्यक्तिगत विकास हासिल गर्नुपर्छ जसले उसलाई अझ प्रेरणादायी बनाउँछ । यसरी जब नायकमा साहस, नैतिकता, समानुभूति, आत्मपरिवर्तन र सामाजिक उत्तरदायित्वको सम्मिश्रण हुन्छ त्यस्तो कथाले पाठकलाई गहिरो रूपमा प्रभावित गर्ने मात्र होइन समाजलाई पनि परिवर्तनको दिशामा अग्रसर गराउन भूमिका निर्वाह गर्नुपर्दछ ।

**अध्ययनविधि**

प्रस्तुत अनुसन्धानमूलक लेखमा पाठविश्लेषण पद्धति अवलम्बन गरिएको छ जसअन्तर्गत विषयवस्तु, कथात्मक प्रविधि, प्रतीकात्मकता र चरित्र विकासलाई गहन रूपमा अध्ययन गरिएको छ । यस क्रममा शैलीगत तथा विषयगत समानता र भिन्नता छुट्याउन लेखकका अन्य कथासँग तुलनात्मक रूपमा विश्लेषण गरिएको छ । साथै ऐतिहासिक र प्रासङ्गिक दृष्टिकोणबाट सामाजिक, राजनीतिक, सांस्कृतिक तथा ऐतिहासिक पृष्ठभूमिको प्रभावलाई विश्लेषण गरिएको छ । यहाँ मार्क्सवादी आलोचनाको सैद्धान्तिक आधारमा कथाको गहिरो अन्तर्दृष्टि प्रस्तुत गरिएको छ । गुणात्मक

सामग्री विश्लेषण विधिमार्फत पुनरावृत्त विषयवस्तु र कथाको संरचनागत ढाँचाहरू पहिचान गरिएको छ भने पाठक-प्रतिक्रिया आलोचनाले पाठकका विभिन्न दृष्टिकोण र व्याख्यालाई समेट्दै कथाको ग्रहणशीलता मूल्याङ्कन गरेको छ । यी विभिन्न विश्लेषणात्मक विधिहरूलाई संयोजन गर्दा कथाको सूक्ष्म अध्ययन सम्भव भएको छ जसले कथाको अर्थगर्भित तहहरू उजागर गर्न मद्दत पुऱ्याएको छ ।

**सैद्धान्ति पर्याधार**

राल्फ फक्सले आफ्नो आख्यानमा आधारित आलोचनात्मक कृतिमा नायकको मृत्यु र उदयलाई ऐतिहासिक तथा सामाजिक-राजनीतिक शक्तिहरूको प्रभावमा रहेको केन्द्रीय कथा संरचनाको रूपमा व्याख्या गरेका छन् । उनको मार्क्सवादी दृष्टिकोणले नायकको यात्रालाई केवल व्यक्तिगत सङ्घर्षको रूपमा सीमित नगरी यसलाई वर्गसङ्घर्ष र वैचारिक रूपान्तरणको व्यापक परिप्रेक्ष्यमा चित्रित गर्दछ । फक्सको तर्कअनुसार परम्परागत साहित्यमा नायकको पतन वा मृत्यु प्रायः पुराना कुलीन वा बुर्जुवा आदर्शको अन्त्यको सङ्केत हो जसले नयाँ क्रान्तिकारी विचारधाराका व्यक्तित्वलाई स्थान दिने बाटो खोल्छ । यस किसिमको सङ्क्रमण ऐतिहासिक भौतिकवादसँग मिल्दोजुल्दो देखिन्छ जहाँ साहित्य समाजका परिवर्तनशील यथार्थहरूलाई प्रतिबिम्बित गर्दै विकसित हुन्छ (फक्स, १९३७) । यसैले नायकको मृत्यु केवल व्यक्तिगत क्षय होइन बरु दमनकारी संरचनाको पतनको प्रतीक हो जसको ठाउँमा नयाँ चेतना र सामाजिक रूपान्तरणको सम्भावना विकसित हुन्छ ।

फक्सको विचारलाई साहित्यिक अध्ययनको द्वन्द्वात्मक दृष्टिकोणभित्र व्याख्या गर्न सकिन्छ जहाँ परम्परागत शक्तिसंरचना र प्रगतिशील प्रतिक्रियाहरूबीचको टकरावले कथा विकासलाई अघि बढाउँछ । यस सन्दर्भमा पुरानो नायकको मृत्यु अन्त्य मात्र नभई परिवर्तनको सङ्केत हो । मार्क्सवादी चिन्तनसँग यो अवधारणा घनिष्ठ रूपमा जोडिन्छ किनभने ऐतिहासिक विकास अपरिहार्य प्रक्रिया हो ( ईगलटन, १९७६) । विशेष गरी राजनीतिक रूपले अशान्त समयहरूमा लेखिएका आख्यानहरूमा सङ्घर्ष गर्ने पतन भोग्ने र त्यसपछि रूपक वा वास्तविक रूपमा नयाँ वैचारिक व्यवस्थाको प्रतिनिधि बनेर उठ्ने नायकहरूको चित्रण पाइन्छ । यस्तो चक्रीय प्रक्रियाले शक्तिसंरचनाको पुनर्संरचनालाई उजागर गर्छ जसले फक्सको तर्कलाई थप मजबुत बनाउँछ । फक्सको निष्कर्षअनुसार साहित्य केवल यथार्थको निष्क्रिय छायाँ मात्र होइन बरु वर्गसङ्घर्षमा सक्रिय रूपमा संलग्न रहने सांस्कृतिक अभिव्यक्ति हो ( जेमसन, १९८१) । यो उनले साहित्यको समाजनिष्ठ प्रयोजनका सन्दर्भमा दिएको अभिव्यक्ति हो ।

समकालीन आख्यानमा फक्सको धारणा लागू गर्दा आधुनिक नायकहरू प्रतिरोध र रूपान्तरणलाई कसरी मूर्त रूप दिन्छन् भन्ने पक्षमा गहिरो विश्लेषण गर्न सकिन्छ । विशेष गरी उपनिवेशोत्तर साहित्य वा श्रमिक वर्गका सङ्घर्षहरू चित्रित गर्ने कथामा नायकको उदयले सीमान्तकृत

आवाजको सशक्तीकरणलाई प्रतिनिधित्व गर्दछ । साहित्य कसरी सत्ताको विद्यमान संरचनालाई चुनौती दिन्छ र सामाजिक पुनर्कल्पनाको सम्भावना सिर्जना गर्छ भन्ने सन्दर्भमा फक्सको दृष्टिकोण अझै पनि महत्वपूर्ण छ (विलियम्स, १९७७) । उनको विश्लेषणमार्फत नायकको यात्रा केवल कथा प्रवाहको भाग नभई राजनीतिक रूपले चार्ज गरिएको प्रक्रिया हो जसले साहित्यलाई क्रान्तिको अभिन्न हिस्सा बनाउँछ भन्ने विश्वासलाई थप सुदृढ बनाउँछ ।

फक्सको विचार साहित्यमा नायकको भूमिका र सामाजिक रूपान्तरणबीचको जटिल अन्तरसम्बन्ध बुझ्नका लागि मार्गदर्शनको रूपमा काम गर्दछ । साहित्य केवल मनोरञ्जन वा सौन्दर्यशास्त्रमा सीमित नभई समाजका परिवर्तनशील यथार्थहरूसँग गहिरो रूपमा जडित रहेको हुन्छ । यसले मौजुदा संरचनालाई चुनौती दिने नयाँ चेतना निर्माण गर्ने र वर्गसङ्घर्षको परिप्रेक्ष्यबाट समाजलाई रूपान्तरण गर्ने महत्वपूर्ण उपकरणको रूपमा कार्य गर्दछ ।

राल्फले *डेथ अफ द हिरो* उपशीर्षक दिएर साहित्यको आलोचनात्मक विश्लेषण विशेष गरी आधुनिक कथामा नायकको भूमिकाको बारेमा प्रकाश पारेका छन् । फक्सले इतिहासमा नायकको अवधारणा कसरी विकसित भएको छ र सामाजिक र राजनीतिक परिवर्तनले साहित्यलाई कसरी प्रभाव पारेको हुन्छ भनेर अन्वेषण गरेका छन् ।

फक्सले विभिन्न साहित्यिक परम्पराहरूको जाँच गर्छन् र के तर्क गर्छन् भने पूँजीवाद र बुर्जुवा व्यक्तिवादको उदयसँगै, परम्परागत वीर व्यक्तित्वलाई थप खण्डित र अलग्गिएका पात्रले प्रतिस्थापन गर्दछन् । उनी बुर्जुवा संसारको सङ्कटलाई प्रतिबिम्बित गर्ने आधुनिकतावादी साहित्यको आलोचना गर्छन् जहाँ नायकले अब सामूहिक सङ्घर्ष र रूपान्तरणको मूल्यहरूलाई मूर्त रूप दिन सक्दैन ।

आधुनिक साहित्यमा नायकको मृत्यु शीर्षकमा फक्सले नायकको मृत्युको अवधारणाको प्रस्तुत गरेका छन् । विशेष गरी उनले महाकाव्य र रोमान्टिक नायकबाट निराश र टुक्राटुक्रा भएका नायकका दृष्टान्त दिएका छन् । यसले साहित्यिक आधुनिकतावादले परम्परागत वीरताको क्षयमा कसरी योगदान पुऱ्याएको छ भन्ने सन्देश दिएको छ । उनले शास्त्रीय महाकाव्यबाट आधुनिक उपन्यासमा वीरताको विकासको विषयमा यहाँ चर्चा गरेका छन् । उनले जेम्स जोइस, फ्रान्ज काफ्का, टी. एस. इलियटका कृतिलाई दृष्टान्त दिएर यो लेख लेखेका छन् र भनेका छन् महान व्यक्तित्वबाट आत्मनिरीक्षण गर्ने प्रायः पराजित व्यक्तिमा साहित्यिक वीरताको कसरी परिवर्तित रूप देखिन्छ बन्ने विश्लेषण गरेका छन् (फक्स, द नोबेल एन्ड द पिपल, १९४५) । यो पुस्तकमा उनले नायक र आधुनिक नेपाली उपन्यासको समाजप्रति जवाफदेहिताको सन्दर्भमा भनेका हुन् ।

फक्सले अर्को सन्दर्भमा हिरोको मृत्युमा राजनीतिक र सामाजिक प्रभाव शीर्षक दिएर परम्परागत वीरताको पतनमा राजनीतिक आन्दोलन र सामाजिक परिवर्तनहरूले कसरी योगदान पु¥याएको छ भनेर जाँच गर्न सुझावा दिएका छन् । सामाजिक र राजनीतिक संरचनाले आधुनिक नायक विविधतालाई कसरी आकार दिएका छन् भनेर बुझ्न जरुरी रहेको कुरा फक्सले बताएका छन् ।

**कृतिगतसन्दर्भ**

वि.सं. २०१० देखि २०६८ सम्म जीवित रहेका घनश्याम ढकाल प्रगतिशील कथाकारका रूपमा चिनिन्छन् । उनका *आजको महाभारत* (२०५५), *भरिया र यात्री* (२०४६), *शहीद मानचित्रमा नपरेको शहीद* (२०४८) र *समर्पणको बाटोमा* (२०५१) जस्ता कथासङ्ग्रह प्रकाशित छन् । प्रस्तुत लेखमा *समर्पणको बाटोमा*मा सङ्कलित *विजयोत्सव* कथाको अध्ययन गरिएको छ जसलाई राल्फ फक्सको नायकको मृत्यु र पुनर्जागरणसम्बन्धी विचारधाराको आधारमा व्याख्या गरिएको छ । ढकालका कथाहरू समाजका विद्रोह, सङ्घर्ष र चेतनासँग गाँसिएका छन् जसले यथार्थवादी तथा प्रगतिवादी दृष्टिकोण झल्काउँछन् । उनी साहित्यमा प्रतिबद्धता, सङ्घर्ष र मानवतावादी विचार बोकेर आएका एक महत्वपूर्ण सर्जक हुन् ।

**विजयोत्सवमा नायकत्व**

मार्क्सवादी इतिहासकार तथा साहित्यिक आलोचक राल्फ फक्स साहित्यमा नायकको मृत्युलाई वर्गसङ्घर्ष र वैचारिक द्वन्द्वको एउटा महत्वपूर्ण प्रतिबिम्बका रूपमा व्याख्या गर्छन् । उनको धारणाअनुसार, नायकको मृत्यु कुनै साधारण घटनामात्र नभई गहिरो प्रतीकात्मक अर्थ बोकेको हुनुपर्छ । नायक या त उत्पीडक शक्तिहरूसँग सङ्घर्ष गर्दै सहादत प्राप्त गर्नुपर्छ या त आफ्नै स्वेच्छाले बलिदान दिने स्वभावको हुनुपर्छ । यसरी, नायकको मृत्यु केवल व्यक्तिगत विफलता नभएर व्यापक सामाजिक यथार्थको दर्पण बन्नुपर्छ ।

*विजयोत्सव* कथामा प्रस्तुत भद्रेको चरित्रले सामाजिक तथा राजनीतिक दुवै प्रकारका दबाबको सामना गर्दै प्रतिरोधको एउटा विशेष नमूना प्रस्तुत गर्दछ । राजनीतिक परिवर्तनप्रति उसको अस्वीकार, आत्मनिर्भरताप्रति उसको दृढता र समाजबाट बहिष्करणको बाबजुद पनि आफ्नो खेतीपातीमा अटल रहनुले उसलाई सामन्ती शक्ति विरुद्ध सङ्घर्ष गर्ने नायकको अवधारणासँग नजिक पार्छ । शारीरिक रूपमा बलियो, इमानमा विश्वास गर्ने र आफ्नो कर्मप्रति निष्ठावान भद्रेलाई कथाकारले यसरी चित्रण गरेका छन् ।

कालो वर्णको भद्रे हट्टाकट्टा अग्लो कदको यस्तै चालीस वर्ष जतिको थियो । कसैको दलिन बोक्नु प¥यो भने दलिनको एउटा टुप्पो ऊ एक्लै बोक्न अगाडि सक्थ्यो । वनबाट उसले झप्काउँदै

ल्याएको घाँसको भारी हेर्न लायकको हुन्थ्यो । बिहान उज्यालो भुइँमा खसेदेखि साँझसम्म ऊ काममा तल्लीन हुन्थ्यो ।

कथाको प्रमुख भद्रे एक परिश्रमी किसान हो ऊ राजनीतिक गुटको दबाबको सामना गरिरहेको छ । समाजमा प्रभावशाली दुवै पक्षले आफ्नो विचारधारामा जबरजस्ती घिसार्ने प्रयास गरे तापनि ऊ तटस्थ रहन खोज्छ । फक्सको दृष्टिकोणमा, ग्रामीण श्रमिक प्रायः ठूला राजनीतिक खेलहरूको मोहरा बन्न बाध्य हुन्छन् । उनी शोषण गरिन्छन् तर उनीहरूलाई वाचा गरिएका सामाजिक प्रगति कहिल्यै पूर्ण रूपमा उपलब्ध हुँदैनन् । भद्रे पनि त्यही श्रेणीमा पर्दछ । ऊ तत्काल लाभको पछि नलागी आफ्नो स्वाभिमानमा अडिग रहिरहन्छ । ऊ साहसी र कर्मशील रहेको कुरा कथाकारले उसको नैतिकताको चित्रण गरेबाट पनि हुन्छ ।

कैले केही नभएझैं भद्रमान लुरुलुरु आफ्नो काममा लागिरह्यो । आफूलाई बलवान् सम्झने ठिटाहरूले उसलाई घेरेर पिट्ने प्रयास गरे, तैपनि ऊ हच्केन । उसको निरन्तरता, चिन्तन र जीवनशैलीमा कुनै फरक देखिएन । व्यवहारिक क्रियाकलाप र दाउराघाँसका लागि वन जाने क्रम यथावत् रह्यो ।

कथामा भद्रे शारीरिक रूपमा मरेको त छैन तर उसलाई समाजबाट गरिएको बहिष्कारले ऊ एउटा प्रतीकात्मक रूपमा मृतजस्तै बन्न पुगेको छ । फक्सका अनुसार यस्तो अवस्थाले समाजमा विद्रोह गर्ने वा प्रतिरोध गर्नेलाई कसरी दण्डित गरिन्छ भन्ने यथार्थ उजागर गर्दछ । उसको अलगाव केवल व्यक्तिगत स्तरमा सीमित छैन बरु त्यो व्यापक सामाजिक संरचनाभित्रको अन्यायको प्रतिबिम्बको रूपमा आएको छ ।

धेरै साहित्यिक नायकहरू अन्ततः विफलतामा परिणत हुन्छन् तर भद्रे भिन्न दृष्टिकोण प्रस्तुत गर्दछ । ऊ आफ्नो जमिन एक्लै जोत्न सफल हुन्छ जसले व्यक्तिगत विजयको अनुभूति दिलाउँछ । उसको *विजयोत्सव* राजनीतिक उन्नतिको सङ्केत होइन तर श्रम र आत्मनिर्भरताको सफलताको उत्सव हो । फक्सको विचारमा साँचो अर्थमा नायकत्व शक्ति र दबाबको सामना गर्दै पनि आफ्नो आत्मसम्मान जोगाउन सक्नेमै निहित रहन्छन् । भद्रेको विजय शोषणको प्रतिरोधमार्फत देखिएको आत्मनिर्भरताको एक अनुपम दृष्टान्त हो । ऊ आफ्नो कर्ममा लागि रहँदा पनि कहिले वनफडानी गरेको, पार्टीलाई बेवास्त गरेको समाजका भद्रमहिलालाई नटेरेको आदि आरोप खेपिरहन्छ ।

'भद्रेले वन काटेर सर्वनाश पाऱ्यो' यसै बीचमा उसको विरुद्ध उजुरी हालियो पानीको पधँरोमा बहिस्कार मात्र गरिएको छैन जङ्गलमा घाँस दाउरा गर्न पनि उसलाई बहिस्कार गरिएकोछ । झुटो मुद्दा लगाउन खोजिएको छ । यसको बदला उसले पार्टी सदस्यता लिनुपर्ने भनिएको छ ।

विजयोत्सव कथामा परम्परागत नायक अब साहित्यमा त्यति बलियो रूपमा उपस्थित हुँदैनन् किनभने पूँजीवादी तथा आधुनिक समाजको विघटनले नायकत्वको पुरानो संरचना भत्काएको छ भन्ने बुझ्न सकिन्छ । यस कथामा भद्रमान एक साधारण, परिश्रमी, ग्रामीण किसान पात्र हो जो राजनीतिक दलको शक्तिसङ्घर्षबाट टाढा रहनखोजेको छ । पारम्परिक नायकहरू जस्तो ऊ समाजको लागि नेतृत्वदायी भूमिका निर्वाह गर्न सकेको छैन । उसले समाजकै बहिष्करणको शिकार बन्न पुगेको छ । ऊ कुनै क्रान्तिकारी परिवर्तनको लागि सङ्घर्ष गर्न पनि सकेको छैन बरु आफ्नो अस्तित्व जोगाउन सामान्य कर्ममा अडिग रहिरहेको छ । यो फक्सको आधुनिक साहित्यमा नायकत्वको क्षयबारेको अवधारणासँग मेल खान्छ नायकत्वको विघटनका रूपमा भद्रमानलाई लिन सकिन्छ ।

भद्रमान समाजबाट अलगिगन बाध्य भए पनि उसले हार खाएको छैन उसको प्रतिरोध कुनै ठूला आदर्शवाद वा युद्धको रूपमा प्रकट हुँदैन तर आफ्नो कर्मप्रति इमान्दार रहनु नै उसको प्रतिरोधको स्वरूप हो । फक्सको दृष्टिमा आधुनिक साहित्यको नायकले कुनै महाकाव्यिक साहस देखाउँदैन बरु उसले आफ्नो अस्तित्वको लागि लडाइँ गर्छ जसरी भद्रमानले आफ्नो खेतीपातीलाई प्राथमिकता दिएर यसलाई प्रमाणित गरिदिएको छ प्रतिरोधको मौन प्रतिरूप देख्न सकिन्छ भद्रमानमा ।

कथामा भद्रमान राजनीतिक खेलबाट टाढा रहन खोज्छ तर उसलाई राजनीतिको सिकार बनाइन्छ । चुनाव, पार्टी सदस्यता, बहिष्कार र षड्यन्त्रको बीचमा ऊ मौन तर सशक्त रूपमा अडिग रहन्छ । फक्सले आधुनिक नायकहरूलाई त्यस्ता शक्तिहरूबीच फसिएको देख्छन् जहाँ उनीहरू परम्परागत वीरको जस्तो स्पष्ट लक्ष्य नभएर आफ्नो अस्तित्व जोगाउने सङ्घर्षमै अल्झिन्छन् । राजनीतिक चलखेलबाट नायक भद्रमान अलगिएको छ ।

पुरानो नायकत्वमा जस्तो युद्धमा सफलता, ठूलो बलिदान वा समाजको नेतृत्व त देखिएको छैन । यद्यपति भद्रमानको विजय भनेको आफ्नो खेती राम्रो बनाउनु हो । उसको विजयोत्सव भनेको समाजलाई जित्नु होइन बरु आफ्नो श्रमबाट आफ्नो जीवन जोगाउनु हो । यो फक्सको विचारसँग मिल्दछ जहाँ नायकत्व अब व्यक्तिगत सङ्घर्ष र आत्मनिर्भरतामा सीमित हुन थालेको छ ।

यसरी, 'विजयोत्सव' कथाको भद्रे कुनै विशिष्ट राजनीतिक समूहको पक्षमा नलागी पनि एउटा बलियो सामाजिक सन्देश दिन सफल हुन्छ । उसको सङ्घर्ष, सामाजिक बहिष्कार र अन्ततः श्रमको विजयले फक्सको विचारलाई अझ मजबुत बनाउँछ । नायकत्वको सारसत्ता प्राप्तिमा होइन, आत्मसम्मानको रक्षा र अन्यायको प्रतिरोधमा छ । फलतः विजयोत्स कथा आधुनिक समाजमा नायकत्वको नयाँ स्वरूपको कथा हो । भद्रमान कुनै ठूला आदर्श बोकेको नायक होइन न त ऊ समाजलाई नेतृत्व दिने चरित्र हो । ऊ आफ्नै तरिकाले समाजको बहिष्करणलाई चिर्दै अघि बढ्छ ।

फक्सको नायकको मृत्युको अवधारणाअनुसार यो कथा नायकत्वको पुनःपरिभाषा हो जहाँ नायक अब कुनै युद्ध लड्ने योद्धा होइन बरु आफ्नो श्रम र अस्तित्वको लागि सङ्घर्ष गर्ने साधारण व्यक्ति हो । नयाँ नायकको उदयको एउटा दृष्टान्त हो ।

**निष्कर्ष**

घनश्याम ढकालको 'विजयोत्सव' कथा मार्क्सवादी साहित्यिक विश्लेषणको दृष्टिकोणबाट गहिरो अर्थ बोकेको देखिन्छ । यस कथाले सामाजिक यथार्थ, वर्गसङ्घर्ष र राजनीतिक अस्थिरताको चित्रण गर्दै एउटा आम श्रमिकको सङ्घर्षलाई नायकत्वको रूपमा उभ्याएको छ । यस कथाका नायक भद्रेको चरित्र एक परम्परागत वीर नायकभन्दा भिन्न छ । ऊ कुनै महाकाव्यीय योद्धा होइन न त उसले सशस्त्र क्रान्तिमा सहभागिता जनाउँछ तर उसले सामाजिक अन्याय र शोषणको प्रतिरोध गर्ने अडान राख्छ । भद्रेको सङ्घर्ष केवल व्यक्तिगत अस्तित्वको लडाइँ होइन, यो श्रमको सम्मान र आत्मनिर्भरताको मूल्यलाई स्थापित गर्ने आन्दोलन हो । राल्फ फक्सको 'नायकको मृत्यु' सम्बन्धी सिद्धान्तअनुसार नायकको मृत्यु वर्गसङ्घर्षको परिणाम हो जहाँ पुरानो व्यवस्था ध्वस्त हुने क्रममा नायकको आत्मबलिदान हुन्छ । भद्रेको चरित्रमा पनि समाजको शक्तिसन्तुलन, राजनीति र वर्गीय द्वन्द्वको असर स्पष्ट देखिन्छ । ऊ समाजद्वारा बहिष्कृत गरिन्छ उसले भोग्नुपर्ने अन्यायहरू ऐतिहासिक रूपमै श्रमिक वर्गले भोग्दै आएका छन् । कथाले वर्गीय संरचनाभित्र श्रमिक वर्गको पीडा, सङ्घर्ष र अस्तित्वलाई जीवन्त रूपमा प्रस्तुत गरेको छ । भद्रेको मौनविद्रोह, उसको आत्मनिर्भरता र निरन्तर श्रममा अडिग रहने स्वभावले कथामा मार्क्सवादी चेतनालाई स्पष्ट रूपमा उजागर गरेको छ । फक्सको विचारमा श्रमको पुनर्स्थापनाले नै वास्तविक विजय सम्भव बनाउँछ । यो दृष्टिकोणबाट हेर्दा 'विजयोत्सव' कथामा प्रस्तुत नायकत्व सामाजिक-राजनीतिक यथार्थसँग गाँसिएको देखिन्छ । कथाका अन्य पात्रहरूले समाजका विभिन्न वर्गीय प्रतिनिधित्व गर्छन् । शोषक शक्ति, अवसरवादी राजनीतिक नेतृत्व र श्रमिक वर्गबीचको अन्तरद्वन्द्व कथामा जीवन्त रूपमा अभिव्यक्त भएको छ । भद्रेको सङ्घर्ष व्यक्तिगत मात्र नभई सामाजिक रूपान्तरणको सूचक हो । फक्सको दृष्टिकोणले भनेझैँ, नायक केवल वीरत्व प्रदर्शन गर्ने पात्र मात्र होइन, ऊ समाजका अन्तर्निहित संरचनाहरूसँग टकराउने र परिवर्तनको बीउ रोप्ने शक्ति पनि हो । भद्रेको प्रतिरोध प्रतीकात्मक भए पनि यसको प्रभाव गहिरो छ । ऊ सामाजिक शक्तिहरूसँग प्रत्यक्ष लड्दैन तर उसको अस्तित्व नै प्रतिरोधको रूपमा प्रस्तुत हुन्छ । 'विजयोत्सव' कथाको नायकत्व श्रमजीवी वर्गको सङ्घर्ष, आत्मसम्मान र सामाजिक परिवर्तनको परिप्रेक्ष्यमा व्याख्या गर्न सकिन्छ । मार्क्सवादी समालोचनाका आधारमा हेर्दा, कथाले शोषण, वर्गसङ्घर्ष र श्रमको गरिमालाई प्रमुख विषय बनाएको छ । भद्रेको मौन प्रतिरोधले समाजको शक्ति संरचनालाई चुनौती दिने सङ्केत

गर्छ जसले कथाको गहिराइलाई अझ प्रबल बनाएको छ । अन्ततः यो कथा केवल एक व्यक्तिको सङ्घर्ष नभई समग्र श्रमिक वर्गको यथार्थ चित्रण हो जसले साहित्यलाई सामाजिक परिवर्तनको महत्वपूर्ण माध्यमका रूपमा स्थापित गर्छ ।

## सन्दर्भग्रन्थसूची

ढकाल, घनश्याम, (२०५१), *समर्पणको बाटोमा,* वन्दना प्रकाशन ।

भट्टराई, रमेशप्रसाद (२०७७), *सांस्कृतिक (वर्गीय, लैङ्गिक र जातीय) अध्ययनको सिद्धान्त र नेपाली सन्दर्भ,* भुँडीपुराण प्रकाशन ।

भट्टराई, रमेश (२०७०), 'सांस्कृतिक अध्ययनका मूलभूत सिद्धान्तहरू', *भृकुटी,* पृ. ३३४-३६५ ।

Eagleton, T. (1976). Marxism and Literary Criticism. Methuen.

Fox, R. (1937). The Novel and the People. Lawrence & Wishart.

Jameson, F. (1981). The Political Unconscious: Narrative as a Socially Symbolic Act. Cornell University Press.

Williams, R. (1977). Marxism and Literature. Oxford University Press.